राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ फागुन ६ गते

**६ जिल्लाको मानव अधिकारको अवस्थाको अनुगमन र मानव अधिकारको सम्मान,संरक्षण र परिपालनाका सम्वन्धमा आवश्यक निर्देशन**

राष्ट्रिय मानव अधिकार आयोगका सदस्य गोविन्द शर्मा पौड्यालको नेतृत्वमा रहेको टोलीले २०७१ माघ २६ गतेदेखि फागुन ५ गतेसम्म लुम्बिनी अञ्चलका ६ जिल्लामा मानव अधिकारको अवस्थाको अनुगमन गरेको छ । अनुगमन गरिएका निकायमा  जिल्ला अस्पताल, जिल्ला जनस्वास्थ्य कार्यालय, कारागार, जिल्ला प्रहरी कार्यालयअन्तर्गतका हिरासत केन्दहरू रहेका छन् । अनुगमनपश्चात् सम्बन्धित निकायका प्रमुखलाई छुट्टाछुट्टै रूपमा मानव अधिकारको सम्मान, संरक्षण र परिपालनाका लागि आवश्यक निर्देशनसमेत दिइएको छ ।

निर्देशनमा अधिकाँश कारागारहरूको भौतिक अवस्था जीर्ण रहेको, क्षमताभन्दा तीन गुणा बढीसम्म कैदीबन्दी राखिएकोमा  क्षमताअनुसार राख्ने व्यवस्था गर्न भनिएको छ । कैदीबन्दीहरूको लागि सहज रूपमा शौचालय जान पाउने, खानेपानीको उचित व्यवस्था, स्वास्थ्य शिक्षा र पुस्तकालय, कारागारभित्र खेलकुद मैदान तथा खेलकुद सामाग्रीकाको उचित प्रबन्ध गर्न र कैदीबन्दीलाई दिदै आएको दैनिक ४५ रुपैया सिदा भत्ता समयानुकुलको लागि पहल गर्न भनिएको छ ।

अनुगमनको क्रममा कपिलवस्तुमा खुला शौचालय रहेको, अर्घाखाँची कारागारमा सेफ्टी टयाङ्कीमाथि खाना र रुपन्देहीमा खुला स्थानमा खाना बनाउनुपर्ने अवस्था नवलपरासी र अर्घाखाँचीमा सामान्य हिँड्डुल गर्नसमेत स्थानको अभाव रहेको पाइएको थियो । जिल्लास्थिति प्रहरी हिराशतमा अत्याधिक थुनुवा रहेको, खुला शौचालय रहेको र पानीको समेत व्यवस्था नभएको पाइएको छ ।

अनुगमन गरिएका अस्पताल एवम् स्वास्थ्य चौकीमा दरबन्दीअनुसार जनशक्तिको अभाव रहेको, नेपाल सरकारले ७० थरी निःशुल्क औषधी वितरणको व्यवस्था गराएकोमा मुश्किलले १५ देखि २० प्रकारका औषधिधमात्र वितरण हुने गरेकोमा गर्ने सबै औषधिको व्यवस्था गर्न भनिएको छ ।

अनुगमनको कममा कपिलवस्तु जिल्ला अस्पतालमा केही सरसफाई र सेवासुविधासम्बन्धी  सूचनाप्रणालीमा केही सुधार भएको पाइए पनि जिल्लाकै सबैभन्दा पुरानो बहादुरगञ्जस्थित शिवराज अस्पतालमा डाक्टर नहुदाँ १५ वर्षदेखि अन्तरंग सेवा सञ्चालन नभएको र अर्घाखाँची जिल्ला अस्पतालमा ऐनेस्थेसियाको कर्मचारीको अभावमा अस्पातलमा शल्यक्रिया हुन नसकेको पाइएको छ । अनुगमनकै क्रममा ७२ वटा सटर भाडामा लगाई राम्रो आम्दानीको श्रोत भएको लुम्बिनी अञ्चल अस्पताल ज्यादै दयनीय अवस्था रहेको पाइएको छ । शौचालय र वार्डहरू दुर्गन्धित रहेको, अस्पतालको क्यान्टिन ज्यादै फोहर दुर्गन्धित रहेको, अस्पतालको चमेना गृहमा सडेगलेका खानेकुरा भेटिएको, मूल्यसूची नटाँसिएको, अस्पतालको स्टाफलाई भन्दा बिरामीलाई झण्डै दोब्बरसम्म मूल्य लिने गरिएको पाइएको छ । अस्पताल परिसरका शटरहरूमा निजी तवरबाट संचालित औषधी पसलहरूमा अस्पतालमै कार्यरत डाक्टरहरूको साइनबोर्ड रहेको पाइएको छ । अस्पतालभित्रको वरण्डामा राखिएको स्टेचेरमा  अचेत अवस्थाको बेबारिसे बिरामीसमेत भेटिएको छ  । मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएका बिरामीलाई अन्य जिल्लाका अस्पतालहरूले बुटबल अञ्चल अस्पतालमा रेफर गर्ने भनिएकोमा अञ्चल अस्पतालमा उक्त सेवा उपलब्ध नभएकोले काठमाडौ रेफर गर्ने गरिएको गुनासो छ

त्यसै गरी मानव अधिकार राष्ट्रिय कार्ययोजनाअन्तर्गत आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको कार्यान्वय अवस्थाको पनि अनुगमन गरिएको थियो । अनुगमनबाट जिल्लास्थित अधिकाँश कार्यलय प्रमुखहरू नै मानव अधिकार


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


राष्ट्रिय कार्यायोजनाको विषयमा जानकार नरहेको, कतिपय कार्यलयमा सूचना अधिकृत तोकिए पनि सूचनाहरू अद्यावधिक हुन नसकेको र कतिपयमा सूचना अधिकृत नतोकिएको समेत पाइएको छ । आयोगले दिएको निर्देशनमा यसतर्फ पनि आवश्यक कदम चाल्न भनिएको छ ।

अनुगमनबाट बहादुरगञ्जमा रहेको सुगर मिलबाट निस्कने प्रदुषित पानीको उचित व्यवस्थापन नगरिएको, अव्यवस्थित सिमेन्ट उद्योगबाट निस्कने धुँवाले वातावरण प्रदुषण भएको, धुलोधुवाँबाट बच्न कामदारलाई मास्कसमेतको व्यवस्था नगरिएको पाइएको छ । कपिलवस्तु, नवलपरासी, दाङ लागयतका तराई जिल्लाका उखु कृषकहरूले उचित ज्याला नपाएको र सरकारले नयाँ दररेट निर्धारण नगर्दा उखु किसान मर्कामा परेको र साथै किसानहरूको वर्षौदखिको रकम बक्यौता रहेको देखियो । नवलपरासीको सुस्तामा एकमात्र नि.मा.विमा रहेकोले तहाँका बालबालिकाहरूले नि.मा.वि र मा.वि तहसम्म अध्ययन गर्ने अवसरबाट वञ्चित हुनुपरेको छ । स्वास्थ्य चौकी र औषधिको अभाव, एउटै वडाबाट अर्को भागमा जान झण्डै १५ किलोमिटर घुम्नुपर्ने, तहाँका बासिन्दाहरूको हालसम्म जग्गाधनी पुर्जा प्राप्त गर्न नसकेको अवस्था छ । यसको साथै नदीको तटवन्ध निमार्णमा भएको ढिलासुस्तीले नदी कटान हुन गई वर्षातको समयमा जोखिम रहेने गरेको अगुनमनबाट पाइएको छ । आयोगले दिएको निर्देशनमा यी विषयलाई सम्बोधन गर्न भनिएको छ ।

जनपद प्रहरी, शसस्त्र र सुरक्षा निकाय तथा कानून कार्यान्वय गर्ने निकायमा मानव अधिकारप्रति सचेत भए पनि सेवाप्रदायक निकायमा बोली, बचन र व्यवहार मानव अधिकारमैत्री बनाउनका लागि प्रर्याप्त तालिम, प्रशिक्षण, अभिमुखीकरण लगायतका क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन गर्नु आयोगले भनेको छ ।



......................
मोहना अन्सारी
प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org